त्रिभुवन विश्वविद्यालय
वन विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

च.नं.

मितिः २०७८/१०/०२

# लेख/रचना उपलब्ध गराउने सम्बन्धी सूचना

वन विज्ञान अध्ययन संस्थानको ५० औं स्थापना दिवसका अवसरमा आगामी २०७९ श्रावण १ देखि ३ सम्म विविध कार्यक्रमहरूका साथ स्वर्ण जयन्ती मनाउन लागिएको र उक्त अवसरमा अध्ययन संस्थानको स्थापनादेखि हालसम्म संस्थागत विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनुभएका पूर्व एवं वर्तमान पदाधिकारी, प्राध्यापक, कर्मचारी र विद्यार्थीहरूका अनुभव, योगदान, दृष्टिकोण तथा समग्र संस्थागत उपलब्धिहरूलाई समेटेर **'स्वर्ण जयन्ती स्मारिका'** प्रकाशन गर्न लागिएको व्यहोरा सहर्ष अवगत गराउँदै उक्त स्मारिकाको लागि लेख/रचना उपलब्ध गराई सहयोग गरिदिनुहुन सम्बन्धित सम्पूर्ण महानुभावहरूमा हार्दिक अनुरोध गर्दछौं ।

विषयगत क्षेत्र : संलग्न सूची बमोजिमको विषयहरूमा केन्द्रित रही छुट्टाछुट्टै शीर्षकमा लेख्न सकिनेछ ।
शब्द सङ्ख्या : बढीमा ४००० सम्म ।
भाषा : नेपाली/अङ्ग्रेजी ।
लेख आइपुग्नुपर्ने अन्तिम मिति : २०७८ चैत्र ३० गतेसम्म ।
लेख साधारण र अनुसन्धानमूलक दुवै स्वीकार्य हुनेछन् । अनुसन्धानमूलक भएमा निम्नानुसार ढाँचाको हुनुपर्नेछ ।

१) सारांश
२) पृष्ठभूमि - विषयवस्तुको जानकारी, स्रोत/साधन र उद्देश्य
३) अनुभव, दृष्टिकोण/सिकाइ, सुझाव
४) निष्कर्ष
५) सन्दर्भ सामग्री
६) सम्बन्धित पुराना तस्बिर भएमा संलग्न गर्न सकिने ।

लेख/रचना पठाउने इमेल : surya.chhetri@pc.tu.edu.np
ridish.pokharel@pc.tu.edu.np ; iofdean@iof.edu.np

प्रा.डा.ऋदिशकुमार पोखरेल
अध्यक्ष
स्वर्ण जयन्ती स्मारिका प्रकाशन समिति

# वन विज्ञान अध्ययन संस्थान : स्वर्ण जयन्ती स्मारिका

## लेख/रचनाका लागि प्रस्तावित विषय/क्षेत्र

### १) नेपालमा वन शिक्षा

क) ऐतिहासिक/संस्थागत विकास तथा वन विज्ञानको स्थापना, उपलब्धि, चुनौती र अपेक्षा ।

ख) वन विज्ञान अध्ययन संस्थानमा शिक्षण जनशक्ति (Faculty development) : उपलब्धि र चुनौतीहरू

ग) कलेज स्थापना र शैक्षिक कार्यक्रमहरूको विस्तार

घ) वन विज्ञान अध्ययन संस्थानको प्रशासनिक नेतृत्व विकास र कार्यालय व्यवस्थापनको अवस्था

### २) वन विज्ञान अध्ययन संस्थानमा अध्यापन/अनुसन्धानको अवस्था र उपलब्धि (हिजो र आज)

क) पाठ्यक्रम विकास

ख) शैक्षिक कार्यक्रमको विकास र विस्तार

ग) अनुसन्धान सम्बन्धी कार्यहरू (अनुसन्धान र प्रकाशन)

घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था/विश्वविद्यालयहरूसँगको सहकार्य र उपलब्धि

### ३) राष्ट्र निर्माणमा वन विज्ञान अध्ययन संस्थानको योगदान

क) मानव संसाधन विकास (वन प्राविधिक जनशक्ति उत्पादनमा वन विज्ञानको योगदान)

ख) सरकारी तथा गैरसरकारी संस्थाहरूलाई पुऱ्याएको योगदान

ग) वन व्यवस्थापनको क्षेत्रमा पुऱ्याएको योगदान (Contribution to paradigm change in forest management)

### ४) वन विज्ञान अध्ययन संस्थानको अनुभव र यसप्रतिको दृष्टिकोण आदि ।